आज मिति २०७४ कात्तिक २६ गते, आईतबारका दिन यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमाजिमका सदस्यज्यूहरुको उपस्थितिमा १६ औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | पदाधिकारी |
|---|---|---|
| हस्ताक्षर | | |
| १. नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य |
| ६. ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खडका | - | सदस्य |
| ७. ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ८. ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ९. ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| १०. ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| ११. ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| १२. दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १३. दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा पोडे | - | सदस्य |
| १४. दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १५. महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १६. महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १७. महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १८. महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १९. महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| २०. कार्यकारी अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सचिव |

आमन्त्रित :-

| | | |
|---|---|---|
| २१. श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| २२. श्री मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| २३. श्री सुराज श्रेष्ठ | - | कम्प्युटर अपरेटर |

प्रस्तावहरु :

१ खानी सम्बन्धमा ।

२ विविध ।

निर्णयहरु :

प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ (२)(प)(७) ढुगां, गट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा तथा स्लेट जस्ता खानीजन्य बस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन सम्बन्धी अधिकार स्थानीय तहमा आईसकेको छ । सो सन्दर्भमा जिल्ला समन्वय समितिबाट सक्कल फाईल प्राप्त भएपछि ऐनमा उल्लेख भएको कामहरु गर्न आवश्यक कार्यबिधि निर्माण गर्न नगर उपप्रमुखको संयोजकत्वमा कार्यकारी अधिकृत, वडा नं ७ का अध्यक्ष श्री हरि प्रसाद तिमिल्सेना, वडा नं ८ का अध्यक्ष श्री राज कुमार लामा र जिल्ला समन्वय समितिको प्रतिनिधी रहने गरी एउटा समिति गठन गर्ने । सो समितिले प्रतिवेदन दिए पछि कार्यपालिकाबाट पारित गरी (नगरसभाबाट पछि अनुमोदन हुने गरी) लागू गर्ने । हाल दक्षिणकाली बल्खु सडक निर्माण कार्य भैरहेको, भुकम्पबाट क्षति भएका भौतिक संरचनाको पुननिर्माण कार्य समयमै सम्पन्न गर्नु पर्ने अवस्था भएको र कार्यबिधी तयार गर्न केही समय लाग्ने भएकोले खानी संचालकहरुले निवेदनमा उल्लेख गरेको स्टक सामाग्री (ढुगां, गिटी, वालुवा, ग्रावेल, चिप्स, धुलो) मात्र निकासीको लागी अनुमती दिने ।